बुद्धभूमी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक, बुडढी, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

पत्र संख्या.:०७६।७७

चलानी नं.: ३२३५

मिति:२०७७।०३।०३

विषय : विवरण उपलब्ध गराउने सम्वन्धमा ।

श्री वडा कार्यालय सवै

बुद्धभूमि नगरपालिका, कपिलवस्तु ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४१० मिति २०७७।१।२६ गते तथा भूमि सम्वन्धि समस्या समाधान आयोगको च.नं.०४ मिति २०७७।०१।२४ गतेको पत्रवाट भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीको पहिचान, लगत संकलन र प्रमाणीकरण सम्वन्धमा स्थानीय तहरुवाट विवरण माग गरिएको हुदा तहाँ वडाको उपलब्ध भए वार्स्तविक विवरण उपलब्ध नभए अनुमानित विवरण यसैसाथ संलग्न ढाँचामा ३ (तीन) दिन भित्र उपलब्ध गराई दिन हुन अनुरोध छ ।

अनिल पौडेल

प्रमुख प्रशासकीय अधिकृत

अनिल पौडेल

प्रमुख प्रशासकीय अधिकृत

# भुमि सम्वन्धि समस्या समाधान आयोग २०७६

बुद्धभूमि नगरपालिका वडा वडा नं. ..........को

भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको विवरण :

| जम्मा परिवार संख्या | भूमिहिन दलित परिवार संख्या | भूमिहिन सुकुम्वासी परिवार संख्या | अव्यवस्थित बसोवास परिवार संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**वडामा भएका भूमि सम्वन्धी समस्याहरु :**

समस्या भए तलको कोठामा (√) लगाउनु होस ।

| विवरण | चिन्ह लगाउने | विवरण | चिन्ह लगाउने |
|---|---|---|---|
| गुठी | | मोही बाँडफाँड | |
| विर्ता | | गाउँ ब्लक | |
| स्ववासी | | हदवन्दी भन्दा वढी जग्गा भएको | |
| बेनिस्सा | | अन्य भए (खुलाउने) ...... | |

**नोट :**

**"भूमिहिन सुकुम्वासी"** भन्नाले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासवाट जग्गाको प्रवन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्दछ र सो शव्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ

**"अव्यवस्थित बसोवासी"** भन्नाले सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आवाद कमोत गरी घर, टहरा बनाय बसोवास गरेका व्यक्तिलाई सम्झनु पर्छ र सो शव्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ ।

**(भुमि सम्वन्धी ऐनको आठौं संशोधन,२०७६)**